नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय काठमाडौं

(प्रशासन शाखा)

बबरमहल, काठमाडौं
नेपाल।

मितिः २०८३/०१/१६
नेपाल संवत ११४६ बछलाथ्व त्रयोदशी

## नदि किनारका अनधिकृत, जोखिमपूर्ण वस्तीहरु खाली गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !

काठमाडौं जिल्ला भित्रका विभिन्न पालिकाहरुका नदि किनाराका वस्ती एंवम् सरकारी, पर्ति, सार्वजनिक वा व्यक्तिको निजी स्वामित्वमा जग्गा समेत अतिक्रमण गरी अनाधिकृत तबरबाट बर्षौदेखि वसोवास भै आएका वस्तीहरु मानवीय रुपमा उद्धार गर्न एवम् विपदको जोखिम समेत मध्यनजर गरी खाली गर्ने कार्य काठमाडौं जिल्ला भरी मिति २०८३ वैशाख १८ गते विहान ७:०० बजे देखि एकै पटक विभिन्न स्थानहरुबाट सुरु हुनेछ।

**अतः यसै सूचनालाई मनन गरी देहायका कार्य तत्काल गर्नु हुन सूचित गरिएको छ।**

१. जोखिमपूर्ण वस्तीमा निर्माण भएका घरटहराहरु तत्काल खाली गर्नुहोला।
२. तपाईको परिवारमा विरामी, अशक्त, वृद्धवृद्धा, गर्भवती, सुत्केरी वा साना बालवालिका छन् भने उनीहरुलाई सर्वप्रथम सुरक्षित तवरबाट अन्यत्र स्थानमा सार्ने कार्य गर्नुहोला।
३. विरामी, अशक्त, दीर्घरोगी, जेष्ठ नागरिकलाई उद्धार गर्नुपर्ने भएको खण्डमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नगर प्रहरीको सहायता लिनुहोला। अस्पतालसम्म लैजानुपर्ने व्यक्तिलाई एम्बुलेन्स तयारी अवस्थामा राखिंनेछ। तपाईको आवश्यकता अनुसार मद्दत लिनुहोला।
४. तपाईको व्यक्तिगत मालसामानहरु, लत्ताकपडा, पशुपंक्षी चौपाया, समेत बाहिर निकाल्नु होला। उक्त बस्तुहरुको ढुवानी गरी अन्यत्र लैजानु पर्ने अवस्थामा नेपाल प्रहरी, सशस्त्र प्रहरी काठमाडौं महानगरपालिका प्रहरी र स्थानीय प्रहरी समेतको मद्दत लिनुहोला।
५. २०८३ वैशाख १७ गते साँझ सम्म पूर्ण रुपमा घर टहरा खाली गर्नु होला।
६. वास्तविक रुपमा आश्रय लिनुपर्ने व्यक्ति र परिवारलाई नेपाल सरकारले तत्काल व्यवस्थापन गरेको स्थानमा बसोबासको व्यवस्था गर्नेछ।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय काठमाडौं

(प्रशासन शाखा)

बबरमहल, काठमाडौं

नेपाल।

७. वास्तविक भूमिहिन व्यक्ति एवम् परिवारको पहिचान गरी दिगो रुपमा समस्याको समाधान नेपाल सरकारका सम्बन्धित निकायबाट यथासक्य छिटो हुनेछ।

८. तपाईलाई मानवीय सहायता प्रदान गर्दै, उद्धार गर्ने कार्य हुनेछ। कोही कसैको गलत हल्ला, दवाव, प्रभाव वा अफवाहका पछाडी नलाग्नुहोला।

९. नक्कली एवं अवास्तविक भूमिहिन भनिएका व्यक्ति एवं परिवारको पहिचान गरी कानूनी कारबाहीको दायरामा ल्याइने छ।

१०. तपाईको सुरक्षा, जिउ ज्यानको रक्षा र संविधान प्रदत्त तपाईको हक अधिकार सुरक्षित रहनेछ।

११. सरकारको यस अभियानमा सहयोग गर्ने कार्य तपाईको समेत कर्तव्य र जिम्मेवारी हो।

१२. सरकारले तपाईलाई सहयोग र मद्दत गर्न आएको छ। तपाईका वालवालिकाको शिक्षाको प्रबन्ध अवश्य सरकारको तर्फबाट हुनेछ।

१३. कसैले यो सूचनालाई अटेर गरी बस्दा घर टहरा भत्किई थप क्षति हुन पुगेमा त्यसको जिम्मेवार तपाई स्वयम् हुने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ।

..........................

(मुक्तिराम रिजाल)

सहायक प्रमुख जिल्ला अधिकारी एवं प्रवक्ता